उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

# उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -११०

आज मिति २०८१/११/२१ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | [signature] |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | [signature] |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | [signature] |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | [signature] |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | [signature] |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | ज्ञानु |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | [signature] |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | पुतली |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | Homdahal |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ११० मितिः २०८१/११/२१

---

<u>प्रस्तावहरुः</u>

१) उत्तरगया गाउँपालिकाको 'कर्मचारी पुरस्कारसम्बन्धी कार्यविधि-२०८१' सम्बन्धमा।

२) कृषि शाखाको लागि कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

३) नयाँ आलु पकेट विकास कार्यक्रम सम्बन्धमा ।

४) हाते ट्र्याक्टर खरिद सम्बन्धमा।

५) दुधमा दिइने अनुदान रकमको सम्बन्धमा।

६) गाउँपालिकाको स्थापना दिवस मनाउने सम्बन्धमा।

७) शान्तिबजार - डाँडागाउँ सडक खण्डको वडा नं- २ स्थित चुच्चेढुङ्गामा अवरुद्द सडक मर्मत सम्बन्धमा।

८) विविध ।

<u>निर्णयहरुः</u>

१. उत्तरगया गाउँपालिकाको 'कर्मचारी पुरस्कारसम्बन्धी कार्यविधि-२०८१'पारित गर्ने निर्णय गरियो।

२. कृषि विकास शाखामा रिक्त नायव प्राविधिक सहायक पदको विज्ञापन प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

३. नयाँ आलु पकेट विकास कार्यक्रमका लागि कार्यालयबाट सूचना प्रकाशन भई सो मिति सम्म १ मात्र प्रस्ताव प्राप्त भएकोले सो प्रस्ताव स्वीकृत गरी प्रस्तावक संस्था श्री साथी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड मार्फत कार्य अगाडि बढाउन कृषि विकास शाखालाई निर्देशन दिने निर्णय गरियो।

४. हाते ट्र्याक्टर खरिदका लागि कृषक अनुदानका लागि बनेको बागमती प्रदेशको कार्यविधि अनुसार प्रकृया अगाडि बढाउन कृषि विकास शाखालाई निर्देशन दिने निर्णय गरियो।

५. कृषकलाई दुध उत्पादनमा दिइने अनुदानका लागि वडा नं २ को रु १००० भन्दा कम रकम भएकाको हकमा सहकारीमार्फत रकम उपलब्ध गराई भरपाई पशु शाखामा व्यवस्थित गर्ने प्रकृया अगाडि बढाउन र अन्य वडाहरु ( ४ र ५) को हकमा बैंकमार्फत कृषकहरुकै खातामा भुक्तानीका लागि प्रकृया अगाडि बढाउन पशु शाखालाई निर्देशन दिने निर्णय गरियो।

हेमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ११०                                                   मितिः २०८१/११/२१

६. गाउँपालिकाको स्थापना दिवस समारोह यहि फाल्गुन २८ गते नीलकण्ठ माध्यमिक विद्यालयको प्राङ्गणमा गर्ने निर्णय गरियो। साथै कार्यक्रमको व्यवस्थापनका लागि देहाय बमोजिमको स्थापना दिवस व्यवस्थापन उपसमिति गठन गर्ने निर्णय गरियो ।

संयोजक- श्री सृष्टी के.सी., वरिष्ठ शाखा अधिकृत

सदस्य - श्री सुदिप न्यौपाने, ईन्जिनियर

सदस्य - श्री सुनिता खतिवडा, शिक्षा अधिकृत

सदस्य - श्री बलराम न्यौपाने, जनस्वास्थ्य निरीक्षक

सदस्य-सचिव- श्री विकास आचार्य, जिन्सी शाखा प्रमुख

७. शान्तिबजार - डाँडागाउँ सडक खण्डको वडा नं- २ स्थित चुच्चेढुङ्गामा अवरुद्द सडक मर्मतका लागि पूर्वाधार विकास कार्यालय,धन्चे,रसुवालाई बजेट व्यवस्थापनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

८. आफुले आफुलाई जागरुक र सचेत बनाउका निम्ति स्वजागरण अभियानलाई गाउँपालिका भित्रका सबै कार्यालयहरुमा कार्यालय समय सुरु हुनु १५ मिनेट अगाडि कार्यान्वयन गर्नका लागि अनुरोध गर्ने निर्णय गरियो।

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत